# अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण (पहिलो संशोधन) निर्देशिका,२०७३

<u>प्रस्तावना</u>: अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण (पहिलो संशोधन) निर्देशिका,२०७३ " रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका, २०६५ को दफा ७ मा संशोधन: अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका, २०६५ (यस पछि "मूल निर्देशिका" भनिएको को दफा ७ को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ :-

"(क१) पुर्नस्थापना गृहमा बसिरहेकाहरुको हकमा पुर्नस्थापना गृहको अनुरोधमा परिचय पत्र सिफारिश समितिको सिफारिशमा सोही जिल्लाबाट अपाङ्गता परिचय पत्र उपलब्ध गराउन सकिनेछ ।"

३. मूल निर्देशिकाको दफा ७ को खण्ड (घ)मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ:-

" तर सहायक प्रमुख जिल्ला अधिकारी लामो समयसम्म अनुपस्थित रहेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले समितिको संयोजकत्व गर्नेछ । "

४. मूल निर्देशिकाको दफा ७ को खण्ड (ड) पछि देहायको खण्ड (ढ) थपिएको छ:-

"(ढ) पुनरावलोकन समिति : (१) परिचयपत्र सम्बन्धमा परेका उजुरीको छानविन गर्न देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछ:-

| | |
|---|---|
| १.प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| २.स्थानीय विकास अधिकारी | -सदस्य |
| ३.जिल्ला अस्पतालका प्रमुख वा निजले तोकेको अधिकृत चिकित्सक | -सदस्य |
| ४.जिल्ला सरकारी वकील कार्यालयका अधिकृत प्रतिनिधि | -सदस्य |
| ५.समाज कल्याण अधिकृत | -सदस्य सचिव |

(२) वितरण गरिएको अपागंता परिचयपत्र सम्बन्धमा कुनै उजुरी पर्न आएमा वा कुनै कारणबश परिचयपत्र नपाउनु पर्ने व्यक्तिले अपागंता परिचयपत्र प्राप्त गरेको प्रमाणित भएमा उपदफा (१) बमोजिमको समितिले आवश्यक प्रमाण बुझी निर्णय गर्नेछ ।

8.9.2073

(३) उमेर, अपाङ्गताको प्रकृति वा उपचारको कारणबाट अपाङ्गताको अवस्थामा परिवर्तन भएमा (घटेमा वा बढेमा) उपदफा (१) बमोजिमको समितिको निर्णय अनुसार अपाङ्गता परिचय पत्रको वर्गीकरणमा हेरफेर गर्न वा रद्द गर्न सकिनेछ ।"